निर्णयहरु:

१. आवश्यकता र औचित्यता पुष्ट्याई हुने गरी प्रदेश मन्त्रालय/आयोग/निकायले आफू र मातहतका कार्यालयहरुको विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) प्रतिवेदन तयार गरी ३० कार्यदिन भित्र सुदूरपश्चिम प्रदेश संगठन संरचना तथा दरवन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को दफा १० बमोजिमको समितिमा पेश गर्ने ।

२. विभिन्न जिल्लामा संचालित प्रदेशस्तरीय योजना अनुगमन लगायत कार्यालयहरुको सेवा प्रवाहको अवस्था बारे स्थलगत अध्ययन गरी आवश्यक निर्देशन, राय सुझाव र सल्लाह प्रदान गर्ने कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवहरु सहितको Dedicated अनुगमन टोली निर्माण गर्ने । उक्त टोलीमा आवश्यकता अनुसार विषयगत (Sectoral) मन्त्रालयका सचिवलाई समावेश गरी नियमित अनुगमन गर्ने।

३. विकास आयोजनाहरु छनौट र क्रार्यान्वयन प्रकृयालाई वस्तुनिष्ठ, पारदर्शी र प्रभावकारी बनाई आम नागरिकलाई सुशासन र विकासको प्रत्याभूति दिन एवं समग्र योजना छनौट र विनियोजनलाई मागमा आधारित, जनमुखी, अनुमानयोग्य र प्रभाव मूल्यांकन समेतको कानूनी व्यवस्थाका लागि अध्ययन सहितको प्रतिवेदन ३० कार्यदिन भित्र प्रमुख सचिव समक्ष पेश गर्न देहायको समिति गठन गर्ने ।

| | |
|---|---|
| सचिव(कानून), मुख्यमन्त्री तथा म.प. को कार्यालय | -संयोजक |
| प्रदेश सचिव, मुख्यमन्त्री तथा म.प. को कार्यालय | -सदस्य |
| प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय | -सदस्य |
| प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| उपसचिव, मुख्यमन्त्री तथा म.प. को कार्यालय | -सदस्य सचिव |

४. सुदूरपश्चिम प्रदेश अनुगमन मूल्यांकन निर्देशिका, २०७८ बमोजिमको अनुगमन तथा मूल्यांकन समितिको नियमित वैठक प्रदेश नीति तथा योजना आयोगले आयोजना गर्ने । सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो निकाय सम्वद्ध अनुगमन प्रतिवेदनको एक प्रति प्रदेश नीति तथा योजना आयोगमा पठाउने ।

५. मन्त्रालयहरूले कार्ययोजना, निर्देशिका वा कार्यविधिहरू स्वीकृत गराई चालु आ.व. का कार्यक्रमहरू समयमै सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने ।

६. मन्त्रालयहरूले आफ्नो र मातहत कार्यालयहरूबाट सञ्चालन भएका आयोजना/कार्यक्रमको गुणस्तर अभिवृद्धिका लागि नियमित अनुगमन तथा मूल्यांकन गर्ने।

७. प्रदेशमा कार्यरत मौजुदा जनशक्तिलाई अधिकतम परिचालन गरी उच्चतम प्रतिफल प्राप्त गर्न कर्मचारीहरुलाई प्रदान गर्न सकिने सेवा सुविधा लगायत विभिन्न अवसरहरु समानुपातिक र न्यायपूर्ण ढंगबाट वितरण गर्ने ।

८. आसन्न बडादशै, तिहार र छठ पर्वलाई मध्यनजर गर्दै महंगी नियन्त्रण, कालोबजारी लगायतका कृयाकलापहरुलाई निरुत्साहित गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सरोकारवाला निकायको

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

समन्वयमा बजार अनुगमन कार्य गर्ने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत दिने।

९. मन्त्रालय/निकायहरुले आफ्नो र मातहतको कार्यालयको बेरुजु फर्छ्यौट गर्ने। साथै आगामी दिनहरुमा बेरुजु कायम हुन नदिने तर्फ विशेष ध्यान दिने ।

१०. प्रत्येक महिनाको पहिलो सोमबार अनिवार्य रुपमा सचिव बैठक बस्ने । उक्त दिन कुनै सार्वजनिक विदा परे त्यसको भोलिपल्ट बैठक बस्ने। प्रदेश सचिव बिदा वा काजमा रहेकोमा र काबु वाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्रदेश सचिव स्वयं बैठकमा उपस्थित हुने ।

प्रमुख सचिव